# माओवादी सशस्त्र सङ्घर्षमाथि बहस

## भास्कर गौतम र चिरन मानन्धर

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सशस्त्र सङ्घर्षमाथि लेखिएका लेखहरूको अजङ्गको चाङबाट करिब ६ सय पृष्ठको पुस्तक तयार गरिसकेपछि परिचय खण्डमा लामो केही लेख्नु पुस्तक आफैंमा अपूरै रहेको सन्देश दिनु हो। फेरि नेकपा (माओवादी) को सशस्त्र सङ्घर्षमाथि बडेमानको स्रोत सँगालो तयार गरिसकेपछि प्रारम्भमा केही व्याख्या नगर्नु पनि अन्याय नै हुन्छ। त्यसैले भन्नैपर्ने कुरालाई यहाँ सङ्क्षिप्तमा राखिएको छ।

पछिल्लो दस/बाह्र वर्षमा नेपालसम्बन्धी कुनै पनि विषयमा लेखिएका प्रायशः लेख वा प्रतिवेदनहरूको केन्द्रमा कतै 'नेपाल द्वन्द्वग्रस्त मुलुक हो' भन्ने आशय व्यक्त गरिएको हुन्थ्यो। सात दल र नेकपा (माओवादी) बीच २०६२ मङ्सिरमा बाह्र बुँदे समझदारी भएपश्चात् द्वन्द्वको रूप मात्र फेरिएको हैन, नेपाललाई चिनाउने अभिव्यक्तिमा पनि परिवर्तन आएको छ। 'नेपाल द्वन्द्वग्रस्त मुलुक हो' भन्ने आशय नै अलप नभए पनि नेपाल 'सङ्क्रमणकालीन अवस्थामा' वा 'परिवर्तनको सँघारमा' छ भन्ने वाक्यांशले 'द्वन्द्व' को अभिव्यक्तिलाई

---

प्रारम्भिक मस्यौदामा बहुमूल्य सुझाव दिनुहुने सेरा तामाङ, पूर्ण बस्नेत र शेखर पराजुलीप्रति कृतज्ञ छौं।

विस्थापित गरेको छ । अर्थात् नेपाल प्रत्यक्ष रूपमा हिंसात्मक द्वन्द्वको चपेटामा नरहेको, बरु परिवर्तनलाई पछ्याइरहेको जनाउ यसले दिन्छ ।

नेकपा (माओवादी) को रणनीतिक परिवर्तनसँगै नेपालको राजनीतिले कोल्टे फेरिरहेको छ । यद्यपि नेकपा (माओवादी) ले छेडेको विद्रोहलाई पहिल्याउँदै सो सङ्घर्षलाई केलाउने चौतर्फी प्रयासहरू कायमै छन् । त्यसैले आसन्न भविष्यमा 'द्वन्द्व' ले लिनसक्ने सम्भावित रूपहरूको अनुमान जारी छ । नेपालको परिवर्तन अहिले शान्ति प्रक्रिया र मूलतः अस्थायी शिविरमा रहेका माओवादी जनसेनाहरूको सुरक्षित अवतरण; सुरक्षा क्षेत्र (माओवादीको लागि नेपाली सेना) मा संरचनागत सुधार; चौतर्फी रूपमा फैलिएको जातजन्य, जातीय, लैङ्गिक र क्षेत्रीय मागहरूको न्यायोचित सम्बोधन; अन्य सामाजिक न्यायका सवालहरूको उचित कारवाही र अन्ततः संविधानसभाको सफलतम निर्वाचनमा अड्किएको छ । यी कुराहरूको निरूपणसँगै एकातर्फ गणतन्त्रात्मक राज्य–व्यवस्था अँगाल्न नेपाल समर्थ हुने अपेक्षा गरिएको छ भने अर्कोतर्फ नेकपा (माओवादी) ले सदाको लागि हतियार बिसाउने अपेक्षा तीव्र छ । अन्यथा नेपालको द्वन्द्वले पुनः नयाँ रूप धारण नगर्ला भन्न सकिन्न । त्यसैले अर्को कोणबाट अहिलेको अवस्थालाई 'दीर्घकालीन युद्ध विराम' को स्थिति भन्नुपर्ने हुन्छ । यही कारण नेकपा (माओवादी) को रूपान्तरण एउटा मात्र पक्ष हो, अन्य विविध कारणवश नेपालमा लामो समयदेखि विद्यमान प्रखर द्वन्द्वात्मक अवस्था र सर्वत्र छाएको परिवर्तनको सघन आकाङ्क्षाको न्यायोचित सम्बोधनले मात्र हालको तरल राजनीतिको दिशानिर्देश गर्ने छ । साथै धेरै समयदेखि तरल राजनीतिको कारण जीर्ण रहेको राज्यलाई 'राष्ट्र निर्माणको अभियान' मा होम्ने छ ।

नेपाली राज्यलाई जीर्ण अवस्थामा पुऱ्याउन पछिल्लो दस/बाह्र वर्षमा संसदीय दलहरूको सर्वसत्तावादी चरित्र, राज्यको कोषलाई दुरुपयोग गर्ने संस्कार र गैरलोकतान्त्रिक कार्यप्रणालीको ठूलो भूमिका रह्यो । साथै दरबार हत्याकाण्ड र त्यसपछि नाङ्गो रूपमा हावी भएको राजतन्त्रको निरङ्कुश चरित्रले राज्यलाई निरन्तर जीर्ण बनाइरह्यो । तथापि यसको प्रमुख कारक नेकपा (माओवादी) को सशस्त्र सङ्घर्षसँग गाँसिएको राजनीतिक चरित्र र त्यसले समातेका सामाजिक न्यायका सवालहरू नै हुन् । तर माओवादीको कार्यशैलीमाथि निरन्तर औँला उठिरहे । यसैको परिणाम सामाजिक न्यायको अवधारणामा नेकपा (माओवादी) ले उठाएको दलित, जनजाति, महिला र मधेसीका हकअधिकारका सवालहरू समेत पृथक् किसिमले उठ्न थालेका छन् । यसको अर्थ हो, माओवादी सङ्घर्षकै कारण यी मागहरू सर्वस्वीकार्य भए पनि पछिल्लो समयावधिमा आएर यसले

पृथक् राजनीतिक रूप लिन खोजिरहेको छ। संसदीय राजनीतिलाई अवमूल्यन गर्ने नेकपा (माओवादी) को विश्वास; यसैको कारण संसदीय राजनीतिसम्बन्धी रहेको कच्चा ज्ञान यो परिणामको एउटा प्रमुख कारक हो। अर्को महत्त्वपूर्ण कारण यी सवाललाई हेर्ने दृष्टिकोणमा निहित छ– माओवादीले यसलाई 'वर्गीय मुक्ति' सँग जोडेर उठायो, अन्य धेरै शक्तिले अहिले 'वर्गीय' पक्षलाई पन्छ्याएर उठाइरहेका छन्। तथापि नेपाली राज्य व्यवस्थाको तरल अवस्था राजनीतिक दलहरूको लोकतन्त्रीकरण र सघन आपसी विश्वासमार्फत उन्नत राजनीतिक एवं आर्थिक रूपान्तरणको अपेक्षाकृत बाटोमा लम्कियोस् भन्ने चाहनाको घनत्वसँग सबै सवाल जोडिन्छ। यी अपेक्षालाई आसन्न संविधानसभा निर्वाचनको अभ्यासले तत्काल सम्बोधन गरोस् भन्ने आम चाहना छ। यो एक मात्र राजनीतिक निरूपणको माध्यमको रूपमा स्थापित भएकोले राष्ट्रिय माग बनेको छ। त्यसैले यसको सफलता वा असफलतामा सम्पूर्ण 'सङ्क्रमण काल' को दिशा र गति निहित छ। साथै आसन्न परिवर्तनले बाटो नबिराओस् भनेर उत्सुकता एवं सतर्कता पूर्वक नियाल्ने नेपाली र अन्य विदेशी सहयोगीले समेत नेकपा (माओवादी) का गतिविधिलाई नजिकबाट हेरिरहेका छन्। कारण २०६२/०६३ को विशाल जनआन्दोलन, २०६२ मङ्सिरमा सात दल र नेकपा (माओवादी) बीचको समझदारीले सिञ्चित गरेको उत्साहमा भएको तथ्य जगजाहेर छ। त्यसैले यो परिवर्तनको एकल र निर्णायक सम्वाहक नेकपा (माओवादी) को सशस्त्र सङ्घर्ष अवश्य होइन। यद्यपि विद्यमान राजनीतिक मागहरू स्थापित गर्न र तीव्र रफ्तारमा परिवर्तनतर्फ जाने माहोल बनाउन माओवादी पार्टीको सङ्घर्ष महत्त्वपूर्ण रह्यो। यति मात्र हैन, मुलुकलाई लामो द्वन्द्वमा अल्झाउने क्षमता पनि माओवादीमा निहित भएकोले वर्तमान अवस्थामा माओवादीको अनुपस्थिति बेगर नेपालको परिवर्तनको रथ कतै नपुग्ने अनुमान सहजै गर्न सकिन्छ। परिवर्तनको प्रक्रियामा नेकपा (माओवादी) को उपस्थिति हुनु स्वयं माओवादी पार्टीको रूपान्तरणको क्रम पनि यसैमा निहित हुनु हो। यो प्रक्रियासँग हिंसात्मक राजनीतिको अन्त्य मात्र गाँसिएको हैन अहिंसात्मक राजनीतितर्फ लम्कने शान्तिपूर्ण रूपान्तरण पनि समावेश छ। यदि यो रूपान्तरण अवरुद्ध भएमा शान्ति प्रक्रिया स्वतः असफल हुने छ।

नेपाली राजनीतिलाई यो अवस्थासम्म ल्याउन एउटा सशक्त बाहकको भूमिका खेल्ने नेकपा (माओवादी) का सकारात्मक र नकारात्मक दुवै पाटा छन्। दुवैको प्रभावले नेपाली राजनीतिलाई व्यापक प्रभाव पारिरहेको छ। हिजो सशस्त्र सङ्घर्षको समयमा पनि, अहिले शान्तिपूर्ण रूपान्तरणको प्रक्रियामा समेत। यी दुवै आयामलाई चौतर्फी हिसाबले विश्लेषण गर्दै नेपाल

'सङ्क्रमणकालीन' अवस्थामा आइपुगेको हो । यो पुस्तकमा यिनै पक्षहरूलाई उत्खनन् गरेर व्यवस्थित रूपमा प्रस्तुत गर्ने प्रयास भएको छ ।

त्यसैले नेपाली समाजले नेकपा (माओवादी) माथि निर्माण गरेको दृष्टिकोणको अनुपम सँगालो हो यो पुस्तक । यति मात्र हैन, नेकपा (माओवादी) ले नेपाली राज्यमाथि कस्तो अवधारणा र दृष्टि निर्माण गरेर सशस्त्र सङ्घर्ष गऱ्यो ? यो विद्रोह कसरी सञ्चालन गऱ्यो ? यी जिज्ञासाहरूको गहकिलो विश्लेषण पुस्तकमा समाहित छ । नेपालको इतिहासमा धेरै कारणले यो कालखण्ड विशेष रह्यो । यही समयावधिमा मूलतः नेकपा (माओवादी) को विषयमा केन्द्रित मिहिन, कठिन र कष्टकर बहससँगै तय गरिएको यात्राको ऐतिहासिक चित्रण पुस्तकमा छ । माओवादी विद्रोहको चर्चा गर्दा आरम्भमा सम्पूर्ण प्रतिवेदन र लेखहरूको मुख्य उद्देश्य नै द्वन्द्वका कारणहरू ठम्याउनमा केन्द्रित रहेको देखिन्छ । यो ठम्याउने क्रममा विश्लेषकहरूमाझ मतभेद भए पनि गरिबी, बेरोजगारी, आर्थिक असमानता आदि सशस्त्र सङ्घर्षको कारक रहेको साझा निर्क्यौल धेरैले निकालेका थिए । तर चैतन्य मिश्रलगायत केही विश्लेषकले सशस्त्र सङ्घर्षमार्फत 'क्रान्ति' सम्पन्न गर्ने नेकपा (माओवादी) को दृढ वैचारिक विश्वासलाई प्रमुख कारण माने (हेर्नोस् मिश्र २०६२) ।

राजनीतिक दलहरूमाझ भने सशस्त्र सङ्घर्षलाई हेर्ने मूलतः दुइटा धार थिए । पहिलो, नेकपा (एमाले) देखि नेकपा (माओवादी) को पूर्व दल नेकपा (एकता केन्द्र) सम्मका कम्युनिस्ट दलहरूमा संसदीय राजनीतिलाई उपयोग गर्ने साथै 'क्रान्ति' सम्पन्न गर्ने विषयमा ठूलो फाटो थियो । यद्यपि नेकपा (माओवादी) को विद्रोह 'उग्रवामपन्थी भड्काव' हो भन्ने कुरामा एकरूपता थियो (हेर्नोस् यसै पुस्तकमा नेकपा (एमाले); प्रकाश; वामदेव गौतम; सिंह २०५८) । यो विश्लेषणसँग नेपाली काँग्रेस पनि सहमत थियो (हेर्नोस् यसै पुस्तकमा नरहरि आचार्य; प्रदीप गिरी) । यति मात्र हैन, सशस्त्र सङ्घर्ष राजनीतिक जनआधार नभएका केही कम्युनिस्टहरूको लहड हो भन्ने दृष्टिकोण नै नेपाली काँग्रेसलगायत अन्य धेरैको रहेको थियो । त्यसैले सुरुका चार/पाँच वर्षसम्म माओवादीको विद्रोहलाई गम्भीर रूपमा नलिएको प्रशस्तै प्रमाण समेत यस पुस्तकमा सङ्गृहीत छन् । २०५८ मङ्सिर ८ गते पहिलो वार्ता कालको अन्त्यमा नेकपा (माओवादी) ले 'शाही' सेनामाथि पहिलो सैनिक हमला गरेपछि मात्र माओवादीलाई हेर्ने दृष्टिकोण क्रमशः गम्भीर भएको हो (आइसिजि सन् २००५; मिश्र २०६२; हेर्नोस् यसै पुस्तकमा झलनाथ खनाल) । यसपछि मात्र दुइटा प्रयासले सँगैसँगै तीव्र रूप लिए । पहिलो, सैन्य परिचालन गरेर माओवादीलाई नियन्त्रणमा ल्याउने । दोस्रो, वार्ताद्वारा

माओवादीलाई मूलधारको राजनीतिमा फर्काउने । प्रस्टै छ, जनताद्वारा निर्वाचित दलहरू सत्तामा रहुञ्जेलसम्म (२०५९ असोज १८ पूर्व) पहिलो मत नै हावी थियो । वार्ताद्वारा नेकपा (माओवादी) लाई मूलधारको राजनीतिमा ल्याउने एकाध प्रयास भइरहे पनि ती त्यति गम्भीर थिएनन्, साथै राम्रो तयारीसाथ गरिएका पनि थिएनन् (भट्टराई २०६२; यसै पुस्तकको पहिलो खण्डमा हरि रोका) । नतिजा नेपाली राजनीतिमा सैन्य चिन्तन अझ सघन र व्यापक रूपमा हावी भयो । यसैको परिणति नेपाली समाजले पटक पटक सङ्कटकाल त भोग्यो नै, सँगै सशस्त्र प्रहरी बल र 'शाही' सेनालाई हतियारले सम्मृद्ध बनाउने काम पनि गऱ्यो ।

राजनीतिमा हावी सैन्य चिन्तनकै परिणाम राजनीतिक वृत्तमा समेत राजा र राजसंस्थालाई शक्तिशाली बनाउने काम नेकपा (माओवादी) लगायत अन्य प्रभावशाली दलहरूबाट भयो । २०६१ माघ १९ मा ज्ञानेन्द्रद्वारा रचिएको 'कू' यसैको चरम उत्कर्ष थियो । यही सैन्य चिन्तनको छायामा प्रमुख संसदवादी दलहरू यति कमजोर भए कि उनीहरूले अन्ततः नेकपा (माओवादी) सँग समझदारी गर्नै पऱ्यो । यो झट्ट हेर्दा संसदवादी दलहरूको 'शक्ति' (सत्ता) को राजनीतिको हार र नेकपा (माओवादी) मा हावी सैन्य राजनीतिको जीत जस्तो देखिए पनि अन्ततः राजनीतिक संवाद र वार्तालाई नै दुवै पक्षले प्राथमिकता दिनै पऱ्यो । माओवादीलगायत अन्य दलहरूको लागि यो बाटो बाध्यकारी रहे पनि बाध्यताकै बीच सात दल र नेकपा (माओवादी) ले बाह्र बुँदे समझदारी कायम गरे । अन्ततः यही बाध्यकारी बाटोले नेपाली समाजमा ठूलठूला परिवर्तनहरू निम्त्यायो । यी सम्पूर्ण परिवर्तनको एकीकृत रूप नेपाली राज्य संरचनाको परिवर्तन नै हो, जसको अपेक्षामा वर्तमान राजनीति अडिएको छ । त्यसैले हामीलाई लाग्यो नेकपा (माओवादी) सम्बन्धी अध्ययनलाई दुई पृथक् कालखण्डमा हेरिनु पर्छ । पहिलो, नेकपा (माओवादी) को विद्रोह प्रारम्भ भएदेखि बाह्र बुँदेसम्मको यात्रा । दोस्रो, बाह्र बुँदेले निम्त्याएको चौतर्फी परिवर्तनका तरङ्गबीच मुलुकले काँचुली फेर्न खोजिरहेको 'सङ्क्रमण' को अवस्था ।

यो पुस्तक केवल पहिलो अवधिसँग सम्बन्धित छ । यो समयावधि पछिको अवधिबारे अर्को स्रोत सँगालोको तयारीमा हामी छौँ । त्यसैले यहाँ सङ्क्षिप्तमा केही उल्लेख गरेर बाँकी सम्पूर्ण कथनीलाई यही पुस्तकमाथि केन्द्रित गरिने छ ।

तत्कालीन राज्य (तथाकथित प्रजातान्त्रिक र निरङ्कुश, दुवै) ले नेकपा (माओवादी) लाई निस्तेज गर्न नसक्ने स्थिति बनेको साथै माओवादीमा पनि दाबीअनुसार 'नयाँ सत्ता' स्थापना गर्ने सामर्थ्य नभएकोले नै निरन्तरको अनौपचारिक संवाद र औपचारिक वार्ताहरूले बाह्र बुँदे समझदारीको आकार लियो । त्यसैले

२०६२ मङ्सिरपछि नेपाली राजनीतिले शान्ति प्रक्रिया र माओवादीको रूपान्तरणको गति तीव्र बनायो । साथै लोकतान्त्रिक गणतन्त्र र राज्य पुनर्संरचनाको पक्षमा धेरै उत्साहप्रद सम्भावनाहरू लिएर आयो (हेर्नोस् यसै पुस्तकमा बाबुराम भट्टराई; देवेन्द्रराज पाण्डे) । बाह्र बुँदे समझदारी विभिन्न उथलपुथलकारी घटनाहरूको समष्टि भए पनि त्यसैमा रहेको असमझदारीको कारण विद्यमान सङ्क्रमणको प्रक्रियाले निकै अप्ठेरो बाटो छिचोलिरहेको छ । अब छिचोल्नु पर्ने बाटो अझ कष्टकर र कठिन हुने सम्भावना छ । तोकेको मितिमा तेस्रो पटक पनि संविधानसभाको निर्वाचन गर्न नसकेको दृष्टान्तले यो कुरालाई प्रस्ट्यायो । यो जटिलतामा नेकपा (माओवादी) को रूपान्तरणको प्रक्रिया मात्र जेलिएको हैन, शान्तिपूर्ण राजनीतिक अवतरण र राज्यव्यवस्थामा सार्थक परिवर्तनको सवाल पनि धमिलिएको छ । यी सबै प्रक्रियाको व्याख्या लोकतान्त्रिक गणतन्त्रको पक्षमा हुने परिवर्तनको विश्लेषणसँगै गरिनु उचित हुन्छ । यही कारण यो पुस्तकले माओवादी सशस्त्र विद्रोहको चालीस बुँदेदेखि बाह्र बुँदेसम्मको यात्रालाई मात्र समेटेको हो ।

शान्ति प्रक्रिया टुङ्गोमा पुगिसकेको छैन । तथापि यसले एक तहको सफलता हासिल गरिसकेको छ । २०६३ असार २ मै सात दल र नेकपा (माओवादी) बीच भएको आठ बुँदे समझदारीको विरोधसँगै तीव्र गतिमा प्रारम्भ भएको परिवर्तन पक्षधर र यथास्थितिवादी शक्तिहरूको मतभेद चुलिएको हो । यी अन्तर्विरोधका बाबजुद सात दल र नेकपा (माओवादी) ले आपसी सहकार्यमा अन्तरिम संविधान निर्माण गर्न र नेकपा (माओवादी) लाई सरकारमा सामेल गर्न सफल भए । तथापि आपसी स्वार्थमा जेलिएर ठूला दलहरूले अधिकांश निर्णय अर्ध-मनस्थितिमा गरेकैले थामथुम पारिएका अन्तर्विरोधहरू छताछुल्ल मात्र भएनन् छोटै समयमा नेकपा (माओवादी) सरकारबाट अलग्गियो । पछिल्लो समयमा आएर संविधानसभाको निर्वाचनको लागि लोकतान्त्रिक गणतन्त्रको घोषणा र पूर्ण समानुपातिक निर्वाचन अवलम्बन गर्नुपर्ने पूर्वसर्त नेकपा (माओवादी) ले राख्यो । यो दृष्टान्तले बताउँछ बाह्र बुँदे समझदारी कायम भएको करिब दुई वर्षपछि नेपाली राज्य-व्यवस्थाको रूपान्तरण सफल हुने सम्भावना जति प्रबल छ त्यति नै क्षीण पनि छ । हालसम्म कुनै भवितव्य ननिम्तिएको भए पनि वर्तमान राजनीतिक उतारचढावलाई राजनीतिक 'मूलधार' मा नेकपा (माओवादी) फर्कने कसरतको रूपमा मात्र हेरिनु घातक हुन सक्छ । यथार्थमा परिवर्तन पक्षधर र परिवर्तन विरोधी शक्तिबीचको अन्तरद्वन्द्व प्रकट भएको स्थिति हो यो । यही कारण बाह्र बुँदे समझदारी पानीढलो साबित

भयो जसले नेकपा (माओवादी) को सशस्त्र सङ्घर्षलाई समेत पृथक् दिशा दियो ।

यो समयावधिको कम्तीमा पनि तीनओटा तात्त्विक अर्थ छ । पहिलो, चालीस बुँदेदेखि बाह्र बुँदेसम्म माओवादीको विद्रोह मूलतः सशस्त्र थियो । 'बन्दुकको नालबाट' शक्ति आर्जन गर्दै गाउँले सहरलाई घेरेर नेपालको 'राज्यसत्ता' कब्जा गर्ने उत्कट आकाङ्क्षासहित जारी राखिएको सशस्त्र सङ्घर्षमाथि राजनीतिक पकड भए पनि हिंसाको प्रयोग प्रचूर रह्यो (हेर्नोस् यसै पुस्तकमा कुन्दन अर्याल; कनकमणि दीक्षित) । हिंसालाई सघन बनाउन राज्य पक्षले खेलेको भूमिका पनि उल्लेख्य रह्यो (हेर्नोस् यसै पुस्तकमा ध्रुवकुमार; मोहन मैनाली; मञ्जुश्री थापा) । दोस्रो, विश्वदृष्टिबाट हेर्दा माओवादी सङ्घर्षको यो अवधि नितान्त एकल यात्रा थियो (हेर्नोस् यसै पुस्तकमा खण्ड एकका लेखहरू; लि अनेस्टो सन् २००७; शाह सन् २००४) । माओवादीको शास्त्रीय भाषामा दीर्घकालीन युद्ध लड्न सम्भावित मित्र शक्तिहरूसँग गोलबद्ध संयुक्त जनमोर्चा निर्माण गर्ने एक प्रमुख रणनीति रहे पनि यो पक्षमा नेकपा (माओवादी) लगभग पूर्ण रूपले असफल रह्यो । 'रोमाञ्चकारी क्रान्ति' बाट दीर्घकालीन सत्ता हासिल गर्न सकिन्छ भन्ने 'उग्रवामपन्थ' मा विश्वास राख्ने केही राष्ट्रिय/अन्तर्राष्ट्रिय कम्युनिस्टहरूको सहानुभूति माओवादीलाई नभएको होइन (हेर्नोस् मोहनविक्रम सिंह २०५८; लि ओनेस्टो सन् २००७) । तथापि मूलतः राजनीतिक दुस्साहस, दिग्विजयको अभिलाषा, र नेपालको कुनाकन्दरामा ऐतिहासिक रूपमै विद्यमान राज्यविहीनताको अवस्था हुँदा समेत लामो समयसम्म माओवादीलाई कमजोर आँकलन गर्ने राज्यको अभ्यासले नेकपा (माओवादी) को एकल यात्रा धेरै व्यावहारिक अप्ठेराका बाबजुद एक हदसम्म सहज बन्यो । यो बुझ्न त्यति गाह्रो छैन । तेस्रो, सात दलसँगको बाह्र बुँदे सहमतिले व्यवहारमा मात्र नभएर सिद्धान्ततः पहिलो र दोस्रो बुझाइसँग विमति जनाउँछ । अर्थात् यो सहमतिमार्फत माओवादीले सशस्त्र विद्रोहलाई त्यागेर शान्तिपूर्ण राजनीतिक सङ्घर्षप्रति प्रतिवद्धता जनायो । साथै आफ्नो एकल यात्रालाई सहमतिको राजनीतिमा रूपान्तरित गर्‍यो; तर माओवादीले भने जस्तो संयुक्त जनमोर्चा निर्माण नगरिकनै । परिणाम आजको दिनसम्म नेकपा (माओवादी) ले सात राजनीतिक दल[१] सँग आफ्नो सहकार्य कायम राखेको छ । यही कारण नेकपा

---

[१] २०६४ असोजमा नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को एकीकरण भएपछि यो ६ राजनीतिक दल भइसकेको छ ।

(माओवादी) लगायत अन्य प्रमुख दलको राजनीतिले समेत सहकार्यको बाटो समात्यो । यसैको सोझो प्रभाव समग्र राजनीतिमा रहेको कारण कुनै प्रमुख दल वा अन्य कुनै आन्तरिक वा बाह्य शक्तिले चाहेको सैद्धान्तिक वा व्यावहारिक बाटोमा मात्रै राजनीति हिँडेन । तर 'राज्यसत्ता' हासिल गर्ने चाहना बोकेको साथै संसदीय प्रक्रियामा सामेल भए पनि संसदीय राजनीतिलाई अवमूल्यन गर्ने चिन्तन हावी भएकाले नेकपा (माओवादी) ले यो वास्तविकता आत्मसात गरेको छैन । सहकार्यको राजनीतिले प्रदान गरेको चौतर्फी ऊर्जा, त्यसले निर्माण गरेको मार्ग र अन्तरद्वन्द्वको बहुआयामिक पक्षलाई स्वीकारेको छैन । त्यसैले बाह्र बुँदे पछिको राजनीति बेग्लै विश्लेषणको विषयवस्तु हो ।

माओवादी सङ्घर्षलाई सहजै यी दुई कालखण्डमा विभाजन गरे तापनि थप दुई चरणहरू यसमा जेलिएका छन् । पहिलो, २०५२ फागुन १ गते पूर्वको स्थिति हो । 'युद्ध गर्ने' कि 'युद्धको तयारी गर्ने' सवालमा रहेको लामो सैद्धान्तिक वादविवादपछि मात्र युद्धमा जाने मनोवैज्ञानिक र व्यावहारिक तयारी नेकपा (माओवादी) ले गरेको थियो । यो स्थितिलाई प्रस्टयाउँदै चैतन्य मिश्र लेख्छन्,

> वास्तवमा (सन्) १९९० उप्रान्तको नेपालमा वैधता स्थापित गरिएका राजनीतिक भेला तथा राजनीतिक सङ्गठनसम्बन्धी स्वतन्त्रता तथा वाक् एवं अभिव्यक्ति स्वतन्त्रतालाई राजनीतिक जनआन्दोलनलाई अग्रगति दिने र सुदृढ तुल्याउने कार्यमा प्रभावकारी रूपले उपयोग गरी राजनीतिक, आर्थिक तथा सांस्कृतिक अन्तर्विरोधहरूको आधारभूत राजनीतिक समाधान खोज्न सकिन्थ्यो भनेर पनि तर्क गर्न नसकिने होइन, यद्यपि यो समाधान नौलो जनवाद अनुरूपको भने हुने थिएन । सैनिक ढाँचामा परिवर्तन नभए तापनि चार महत्त्वपूर्ण मालेमा (मार्क्स-लेनिन-माओ) पार्टीहरूमध्ये तीनओटा पार्टी जनसङ्घर्षको 'अवश्यम्भावी' उत्कर्ष सशस्त्र सङ्घर्ष नै हो भन्ने कुराको अग्रिम वाचा नगरिकन परिवर्तित राजनीतिक-कानुनी ढाँचाभित्र राजनीतिकरण तथा जनसङ्घर्षको व्यापक तथा सघन कार्यक्रम लिएर सामेल हुन सहमत भएका थिए । अर्कोतिर नेकपा (माओवादी) भने १९९० को सम्झौताबाट प्राप्त सापेक्षित उपलब्धिहरूलाई सन्देहको दृष्टिले हेर्दै नौलो जनवादको कार्यक्रम र जनयुद्धको रणनीतिमा होमियो । जनयुद्धको घोषणा गर्दा नेकपा (माओवादी) ले १९९० को सम्झौताको राजनीतिक महत्त्वलाई झण्डैजसो पूर्ण रूपमा अवमूल्यन गरेको हो अथवा बृहत् राजनीतिक, आर्थिक तथा सांस्कृतिक अन्तर्विरोधहरूका अतिरिक्त आन्तरिक र अन्तरपार्टी अन्तर्विरोधहरूको साथै राजतन्त्र र राजनीतिक पार्टीबीच चर्को अन्तर्विरोधहरू रहेको अवस्थामा विशेषतः १९९० को सङ्क्रमणको कारण नै जनयुद्धको रणनीति सफलतासाथ लागू गर्न सकिन्छ भन्ने निष्कर्षमा पुगेको हो, यो कुरा स्पष्ट छैन (मिश्र २०६२: ४३) ।

तथापि नेकपा (माओवादी) किन जनसङ्घर्षको 'अवश्यम्भावी' उत्कर्ष सशस्त्र सङ्घर्ष नै हो भन्दै 'नौलो जनवाद' र 'दीर्घकालीन जनयुद्ध' को आयोजनामा

होमियो ? नेपाली सन्दर्भमा 'मार्क्सवाद-लेनिनवाद-माओवाद' मा आधारित कम्युनिस्ट विचारबाट प्रभावित भएर नेकपा (माओवादी) ले यो बाटो रोजेको हो भनेर सहजै भनियो। तर नेपाली राज्यको चरित्रलाई अघि सारेर माओवादी उत्पत्तिबारे पर्याप्त सैद्धान्तिक बहस र प्रतिवाद भएको पाइँदैन (हेर्नोस् यसै पुस्तकमा पहिलो खण्डमा गौरव; दीपक ज्ञवाली; प्रदीप गिरी)। पाइन्छ त केवल शास्त्रीय कम्युनिस्ट चिन्तनमाथिको सघन बहस, आरोप-प्रत्यारोपमाथि व्यापक लेखन, पार्टी विभाजनको कथनी र फुटको इतिहास (हेर्नोस् यसै पुस्तकको पहिलो खण्डमा हरि रोका; नेकपा (एमाले); सिंह २०५८; भुसाल २०६४; सुरेन्द्र केसी २०६०; मिश्र २०६२)। यद्यपि 'जनयुद्ध' हुनुका कारणहरूलाई ठम्याउने केही प्रयास भने नभएका होइनन्।

माथि भनिसकियो, माओवादी सङ्घर्षको उत्पत्तिबारे विश्लेषकहरूबीच प्राथमिक कारकहरूका सम्बन्धमा मतभिन्नता छँदैछ। तथापि गरिबी, अशिक्षा, आर्थिक उपार्जनको न्यूनस्तर, जमीनमाथिको स्वामित्वमा सीमित परिवार र जातजातिको पकड, आयका सन्दर्भमा परिवारबीचको आर्थिक असमानता, बेरोजगारी र अर्ध-बेरोजगारीको समस्या, तथा जातजन्य, जनजातीय, लैङ्गिक र क्षेत्रीय असमानता नै माओवादी सङ्घर्षका मूल कारकहरू हुन् भन्ने कुरामा अधिकांश विश्लेषकहरू सहमत छन् (हेर्नोस् मिश्र २०६२; भट्टचन सन् २०००; हाछेथु सन् २००३, मिश्र २०६२ मा उल्लेख)। भिन्नै विश्लेषणहरूलाई 'वर्गीय मुक्ति' सँग जोडेर नेकपा (माओवादी) ले व्याख्या गरेकाले एक हदसम्म यी विश्लेषणहरूसँग माओवादीको सहमति छ (हेर्नोस् यसै पुस्तकको दोस्रो खण्डमा बाबुराम भट्टराई; देव गुरुङ; हिसिला यमी)। यी कारणहरूमा सहमति जनाए पनि नेकपा (माओवादी) ले सङ्घर्षका 'कारण' हरूको पहिचान "निकै नै संश्लेषणयुक्त, सैद्धान्तिक दृष्टिले ओजपूर्ण र राजनीतिक दृष्टिले सशक्त रूपबाट प्रस्तुत" गरेको ठहर चैतन्य मिश्रको छ (मिश्र २०६२: ४७; आइसिजि सन् २००५ पनि हेर्नोस्)। मिश्र लेख्छन्,

> ...नेकपा (माओवादी) तथा यस पार्टीका प्रमुख नेताहरूका लेखहरू, अन्तर्वार्ताहरू तथा प्रेस वक्तव्यहरूबाट पूँजीवादी साम्राज्यवाद, भारतीय विस्तारवाद, 'अर्ध-उपनिवेशवाद' र 'अर्ध-सामन्तवाद' को अन्तर्निहित विशेषताका रूपमा नै विद्यमान अल्प-विकासका संरचनागत अवस्थाकै परिणामहरू हुन् भन्ने आशय स्पष्ट हुन्छ। ...नेकपा (माओवादी) का दृष्टिमा पहिचान गरिएका विभिन्न आसन्न कारणहरू केवल संरचनागत अवस्थाको बहुविध प्रकटीकरण मात्र हुन्। संरचनागत कारण र आसन्न कारणहरूबीचको भिन्नता कारणहरूको समष्टि र संश्लेषणको स्तरको भिन्नता नै हो। यसको अतिरिक्त, संरचनागत कारणलाई एउटै तहमा नभई अनेकौं तहमा बुझ्न सकिने हुन्छ (मिश्र २०६२: ४७)।

यसरी 'जनयुद्ध' मार्फत माओवादीको मूल ध्येय प्रारम्भदेखि नै साम्राज्यवाद, 'अर्ध-उपनिवेशवाद' र 'अर्ध-सामन्तवाद' तथा 'विस्तारवाद' र राष्ट्रिय स्वायत्ततावीचका अन्तर्विरोधहरूलाई चर्काउनु, छिन्नभिन्न बनाउनु र माओवादीले दावी गरे अनुरूपको 'नयाँ जनवाद' स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नु थियो (हेर्नोस् यसै पुस्तकको दोस्रो खण्डमा बाबुराम भट्टराई; पीताम्बर शर्मा; तेस्रो खण्डमा प्रचण्ड; प्रचण्ड २०६३) । यसको सफलताले नै नेपाललाई 'राष्ट्र-राज्य' बनाउने नेकपा (माओवादी) को विश्वास थियो । तर आफ्नो पहिलो एक दशकको यात्रामा आसन्न 'कारण' हरूलाई माध्यम बनाएर 'अर्ध-सामन्तवाद' का आधारहरूलाई चुनौती दिए पनि अन्य अन्तर्विरोधहरूलाई चर्काउने कार्यमा माओवादी प्रतीकात्मक रूपमै सीमित भएको देखिन्छ। अर्थात् धेरै हदसम्म असफल देखिन्छ। त्यसैले साम्राज्यवाद एवं 'विस्तारवाद' को विरोध र राष्ट्रिय स्वायत्तताप्रतिको प्रतिवद्धता केवल प्रचारबाजीका साधन मात्र बनिरहे । विश्वक्रान्तिप्रति भन्दा पनि नेपालभरिका विकास प्रयासहरूमाथि नियन्त्रण कायम गरी स्थानीय जनताको दैनिक जीवनमाथिको पकडलाई दरिलो पार्नमा माओवादीको ठूलो चाख भएकोले पनि यस्तो भएको हुनसक्छ (आइसिजि सन् २००५) । त्यसैले नेपालको विद्यमान राज्यसत्ताको ऐतिहासिक विकासक्रम एवं वर्तमान संरचनाका विशिष्ट तथा प्रमुख धारहरूको सटिक व्याख्या गर्दै अर्ध-सामन्ती आवरणमा यसभित्र रहेका राजनीतिक, आर्थिक तथा सांस्कृतिक अन्तर्विरोधहरूलाई चर्काएर छिन्नभिन्न पार्न नेकपा (माओवादी) सफल रहेको जिकीर मिश्रको छ। यसलाई पुष्टि गर्दै उनी लेख्छन्,

> भूमि र श्रम शक्ति, लैङ्गिक समानता र महिलाहरूमाथिको उत्पीडन, समान नागरिकता तथा लोकतन्त्रको सिद्धान्त र उच्च जात, धर्म र भाषाको प्रभुत्व, असमान क्षेत्रीय विकास तथा केन्द्रीकरण तथा स्थानीय र क्षेत्रीय स्वायत्तता, संसदीय राजनीतिक पार्टीहरू र जनताका मागहरू, तथा राजतन्त्र र जनताको सार्वभौमसत्ताबीचका अन्तर्विरोधहरूलाई चर्काउँदै आएको छ। यसो गर्ने क्रममा यसले १९९० को संविधानको वैधता र त्यसको अभ्यासलाई प्रभावकारी ढङ्गले चुनौती दिएको छ (मिश्र २०६२: ७४)।

'नौलो जनवाद' अथवा 'नयाँ सत्ता' र 'जनयुद्ध' को राजनीतिक आयोजनामा आवद्ध परस्पर सङ्गतियुक्त अङ्गहरूका माध्यमबाट नै नेकपा (माओवादी) संवैधानिक वैधतालाई चुनौती दिन र आपसी अन्तरद्वन्द्व चर्काउन सफल भयो । यी अन्तरद्वन्द्वहरूबाट माओवादीले नेपाली राज्यको निरङ्कुश र घातक चरित्रलाई नङ्ग्याउन चाहेको थियो । यद्यपि यो प्रक्रियालाई 'राज्यसत्ता' कब्जा गर्ने विन्दुमा

परिणत गर्ने अवस्था थिएन । त्यसैले बाह्र बुँदे समझदारीको अर्थ थियो 'जनयुद्ध' बाट 'नौलो जनवाद' अथवा 'नयाँ सत्ता' स्थापना नेकपा (माओवादी) को सामर्थ्य बाहिर छ। यही कारण यो समझदारीभन्दा केही वर्ष अघिदेखि नै उनीहरूले 'नौलो जनवाद' अथवा 'नयाँ सत्ता' हासिल गर्नुपूर्व 'बुर्जुवा पूँजीवादी क्रान्तिको चरण' पार गर्नुपर्ने तर्क अघि सारे । यसलाई नै माओवादीले 'एक्काइसौँ शताब्दीको जनवाद' भन्यो (हेर्नोस् यसै पुस्तकको तेस्रो खण्डमा प्रचण्ड; अन्तिम खण्डमा बाबुराम भट्टराई; प्रचण्डको अन्तर्वार्ता) । एक्काइसौँ शताब्दीको जनवादलाई अर्थ्याउँदै प्रचण्ड भन्छन्,

> बीसौँ शताब्दीका अनुभवहरूले स्पष्ट गरेका छन् कि राज्यसत्ता कब्जा गर्ने प्रश्न भन्दा पनि राज्यसत्ताको निरन्तर जनवादीकरण गर्दै त्यसको विलोपीकरण तिर डोऱ्याउने प्रश्न अझ हजारौँ गुणा कठिन र जटिल हुने गर्दछ। एकै शताब्दीमा विश्व थर्काउँदै रुस, चीनलगायतका देशमा भएका महान् क्रान्तिहरूको सफलता एवं शक्तिशाली विश्व समाजवादी कित्ताको विकास र भयानक प्रतिक्रान्तिका घटनाक्रमहरू हुँदै विश्वमा एउटा पनि समाजवादी सत्ता बाँकी नरहेको यथार्थले विषयको महत्त्व र गम्भीरतालाई दर्शाउँछन्। ...हाम्रो प्रश्न यहाँ निरन्तर क्रान्तिको प्रवाह सङ्गठित गर्ने संस्थाका रूपमा राज्यसत्ताको विकास गर्ने कुरामा केन्द्रित छ। आखिर राज्यसत्ताको व्यापक र सजीव जनवादीकरणको प्रक्रियामा नै वास्तविक जनवादी अधिनायकत्व वा सर्वहारा अधिनायकत्व सुदृढ हुन सक्दछ। जनवादी केन्द्रीयताको महान् वैज्ञानिक सिद्धान्तको योभन्दा अर्को अर्थ हुनै सक्दैन (प्रचण्ड २०६३: २५५-५६)।

यसरी सैद्धान्तिक दृष्टिकोण अँगाल्ने मात्रै हैन हिंसात्मक गतिविधिलाई उपयोग गर्ने क्रममा साथै राजनीतिक पार्टीहरूसँगको मूलतः लामो समयसम्मको शत्रुवत् व्यवहारलाई निरन्तता दिइरहँदा समेत "द्वन्द्वको अधिकतम प्रक्रियामा माओवादीहरूले व्यावहारिक तरिकाले कार्य" गरेको साथै "भावी पुनःस्थापना र मेलमिलापको लागि ढोका खुला राख्नुपर्ने कुराको हेक्का" राखेकोले नै (आइसिजि सन् २००५) पटक पटक औपचारिक वार्ता हुन सके र अन्ततः बाह्र बुँदे समझदारी भयो। बाह्र बुँदेसम्म आइपुग्ने क्रममा माओवादीहरू राजनीतिक र रणनीतिक हिसाबले अत्यन्त चतुर देखिए पनि आफ्नो दीर्घकालीन लक्ष्यका हकमा भने उनीहरूले गलत आँकलन गरे (हेर्नोस् आइसिजि सन् २००५; मिश्र २०६२; यसै पुस्तकमा प्रदीप गिरी; प्रचण्डसँगको अन्तर्वार्ता)। दीर्घकालीन लक्ष्य गलत हुनुको पछाडि त्यसको अपूरो व्याख्या पनि हुनसक्छ। 'जनयुद्ध' को प्रारम्भिक वर्षहरूमा वा त्यसपछि पनि माओवादीले 'नौलो जनवादी सत्ता' कस्तो हुन्छ भनेर ठोस र मिहिन व्याख्या गरेनन् (हेर्नोस् प्रचण्ड २०६३;

मिश्र २०६३: ४३)। त्यसरी नै माओवादीले कल्पना गरेको बहुदलीय व्यवस्था र 'लोकतान्त्रिक गणतन्त्र' हासिल गरेमा राज्य-व्यवस्थाको मोडल नितान्त पृथक् हुनेछ भनेर दाबी गरिरहे पनि आजसम्म यसलाई प्रस्टचाउने प्रयास नेकपा (माओवादी) ले गरेको छैन (हेर्नोस् बाबुराम भट्टराई २०६३; सन् २००३)। न सरकारको मोडलको सन्दर्भमा, न नयाँ राज्यव्यवस्थाको दृष्टिकोणबाट। आर्थिक प्रणालीको कोणबाट समेत केही प्रस्टचाइएको छैन। बाह्र बुँदे पछाडि प्रचण्डले दिएका अन्तर्वार्ताहरू र बाबुराम भट्टराईका लेखहरूबाट समेत यो कुरा स्पष्ट हुन्छ (हेर्नोस् अन्तिम खण्डमा प्रचण्डसँगको अन्तर्वार्ता; बाबुराम भट्टराईको दुवै लेख; सुवेदी २०६३)। सिद्धान्ततः माओवादीको दीर्घकालीन लक्ष्यमा देखिएको वैचारिक अस्पष्टताको अवस्थामा समेत यसलाई चुनौती दिने तार्किक काम समाजविज्ञानका ज्ञाताहरूबाट भएको पाइँदैन (हेर्नोस् कार्की र सेडन सन् २००३; दिपक थापा सन् २००३; माइकल हट सन् २००४; लावती सन् २००३, सन् २००७; थापा र सिजापति सन् २००३)। न राजनीतिकर्मीबाट भएको पाइन्छ (हेर्नोस् यसै पुस्तकमा प्रकाश; प्रदीप गिरी; माधवकुमार नेपाल)। 'माओवादी सङ्घर्ष : कारणहरूको निरूपण' शीर्षकमा चैतन्य मिश्रद्वारा गरिएको विश्लेषण यस किसिमको लेखनको एकमात्र शुद्ध अपवाद भएको देखिन्छ (हेर्नोस् मिश्र सन् २००४; २०६२)।

नेकपा (माओवादी) मा रहेको मूलतः सैद्धान्तिक र वैचारिक अन्तर्विरोधका बाबजुद उनीहरूमा देखिएको राजनीतिक, रणनीतिक र व्यावहारिक चतुरता र लचकताका कारण जातजन्य, जनजातीय, लैङ्गिक, क्षेत्रीय दृष्टिकोणबाट नेपाली समाजमा ऐतिहासिक हिसाबले पाखा पारिएका समुदायहरूलाई सङ्गठित गर्दै सशस्त्र सङ्घर्षमा होम्न उनीहरू सफल भए। यति मात्र हैन, एक दशकको अवधिमा यी सवालहरूलाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न सफल भएकोले नै पछिल्ला केही वर्षहरूमा शताब्दीयौँदेखि दमित बनाइएका समुदायहरूले हकअधिकारको लागि पृथक् र सङ्गठित सङ्घर्ष गर्ने स्थिति बनेको छ। यी सवालहरूलाई आत्मसात गर्न अन्य दलहरू पनि बाध्य भए। यो प्रक्रियाले मुलुकमा लोकतान्त्रिक संस्कारलाई सुदृढ तुल्याउने, दलहरूभित्र रहेको अलोकतान्त्रिक प्रक्रियालाई चुनौती दिने साथै राष्ट्र-निर्माण गर्ने अभियानमा नागरिकहरूलाई सशक्त बनाउन महत्त्वपूर्ण भूमिमा खेल्ने सङ्केत २०६२/०६३ को बृहत् जनआन्दोलनले दिइसकेको छ। त्यसपछि देखिएको मधेसी विद्रोह र जनजातिहरूको सङ्गठित आन्दोलनले यसलाई थप प्रमाणित गरेका छन्। अर्कोतर्फ सशस्त्र सङ्घर्षको अधिकतम प्रक्रियामा नेकपा (माओवादी) ले राज्यको सैन्य क्षमतालाई

विभिन्न तवरले चुनौती दिएकै कारण नेपाल प्रहरी, नेपाली सेना, सङ्घर्षको समयमा खडा गरिएको सशस्त्र प्रहरी बल साथै राज्यको समग्र सुरक्षा नीति र अभ्यासहरूबारे खुलेर बहस गर्ने स्थिति बनेको छ । परिणाम २०४६/०५२ भन्दा पृथक् राजनीतिक परिवेशमा दमित नागरिकहरूको हकअधिकारको पक्षमा एवं सुरक्षाका नीति र अभ्यासहरूको मिहिन बहसहरू प्रारम्भ भएको मात्र हैन (हेर्नोस् यसै पुस्तकमा ध्रुवकुमार; शिव गाउँले; झलनाथ खनाल), ध्रुवकुमारको भाषामा सेनाको 'प्रोफेसनल' नभएर 'अकुपेसनल' चरित्रमाथि प्रश्न उठाउन थालिएको छ । परिणाम लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनर्संरचना आज बहुसङ्ख्यक नेपालीको साझा माग भइरहेको छ । यो प्रक्रियाले नेपाललाई लोकतान्त्रिक राज्य बनाउने अभियानमा सघन हिसाबले सघाउने सङ्केत नेपालको अन्तरिम संविधान २०६३ निर्माण प्रक्रिया र त्यसपछि गरिएका संविधान संशोधनका अभ्यासहरूले देखाएका छन् । उदाहरणको लागि अन्तरिम संविधान अनुमोदन भए लगत्तैदेखि यसका विभिन्न प्रावधानहरूमा भएको विरोधकै कारण विभिन्न आन्दोलन र वार्ताहरूमार्फत सङ्घीय राज्य र पिछडिएको जातजातिको पक्षमा देखिएको संशोधन दसिप्रमाण बनेका छन् ।

यी सबै कुरा हासिल गर्न जसरी नेकपा (माओवादी) ले हिंसात्मक राजनीतिको उपयोग गऱ्यो त्यसले बेहोरेको सामाजिक एवं मनोवैज्ञानिक क्षति अनुमान गर्न समेत गाह्रो छ । तर आर्थिक आँकलन भने गर्न सकिन्छ (हेर्नोस् यसै पुस्तकमा केदार सुवेदी) । साथै सशस्त्र सङ्घर्षको एकोहोरो युद्ध प्रपञ्चमा होमेर नेकपा (माओवादी) ले सैन्य इतरका क्षेत्रहरूमा मूलतः ग्रामीण समाजको गतिलाई कसरी अवरुद्ध पाऱ्यो त्यसको प्रभाव नेपाली समाजले हेर्न बाँकी नै छ । हिंसात्मक राजनीतिक प्रक्रिया स्थापित गर्न माओवादीले भूमिका खेलेको आँकलन गर्न सकिने भए पनि नेपालको युवा पुस्ता र बालबालिकमा यसले पारेको मनोवैज्ञानिक प्रभाव हेर्न केही समय कुर्नुपर्ने हुन्छ । आफ्ना हकअधिकारको लागि लड्ने हौसला र साहस सशस्त्र सङ्घर्षले प्रदान गरेको भए पनि पिछडिएका वर्गका अन्य क्षमता वृद्धिलाई यस विद्रोहले गौण बनाएको देखिन्छ । उदाहरणको लागि, एक माओवादी कमाण्डरको भाषामा, "युद्धको बेला उत्पादन कार्यहरू बन्द हुन्छन् ।" अर्थात् चौतर्फी हिसाबले जीवनयापन अवरुद्ध हुन्छ । तर उनी भन्छन्, राजनीतिले यसलाई 'मलम' लगाउनु पर्छ (हेर्नोस् यसै पुस्तकमा गोविन्द वर्तमान) । यही कारण पनि लोकतान्त्रिक सङ्घर्षको संरचनामा फर्कन नेकपा (माओवादी) को प्रतिवद्धताले धेरै समस्या आफैँ लिएर आएको छ । सशस्त्र सङ्घर्षको दौरान प्रचूर मात्रामा हिंसाको उपयोग हुनु नै यो स्थितिको जड

कारण हो । पिछडिएका नागरिकहरूको आवाजलाई घनीभूत बनाउने धेरै वर्षको समयावधिलाई सशस्त्र सङ्घर्षले छोटयाए पनि निकट भविष्यमा शान्तिपूर्ण तरिकाबाट राजनीतिक समायोजनको प्रक्रियाले लिने समय अनुमान गर्न गाह्रो छ । फेरि हजारौँ निहत्था र निर्दोष मानिसहरूले अनायासै ज्यान गुमाउनु पर्‍यो (हेर्नोस् यसै पुस्तकमा कनकमणि दीक्षित; मोहन मैनाली) । यति मात्र हैन, राज्यलाई अझ हिंसात्मक र तुलनात्मक रूपमा बढी निरङ्कुश बनाउन सशस्त्र सङ्घर्षले तीव्र गतिमा योगदान पुर्‍यायो । साथै तुलनात्मक रूपमा कमजोर रहेको (शाही) नेपाली सेनालाई मूलतः भारत, अमेरिका र बेलायतको सहयोगमा (बेल्जियम पनि यो सूचीमा गाँसिएको छ) धेरै बलियो र हातहतियारको दृष्टिले सुसज्जित बनायो । अर्थात् नेपाली नागरिकलाई सशक्त बनाउने र सीमित स्वार्थका लागि केही परिवारहरूको मौजा बनिरहेको राज्यलाई आम नेपालीको पक्षमा रूपान्तरण गर्ने अभियानमा नेकपा (माओवादी) रहे पनि हातहतियारको दृष्टिबाट राज्यलाई सुसज्जित बनाउन, हिंसाको दुरुपयोग गर्न साथै प्रत्येक सरकारलाई निरङ्कुश बनाउन र समग्रमा राज्यलाई आम मानिसदेखि थप टाढा रहनसमेत सशस्त्र विद्रोहले सहयोग गर्‍यो । हुँदाहुँदै नेपालको सुरक्षाका नीति र अभ्यासहरूमा विदेशीको व्यापक चलखेल बढाउन समेत माओवादीको सशस्त्र सङ्घर्षले योगदान पुर्‍यायो । परिणाम वर्तमान राजनीति राजनीतिक दलहरूको निर्णायक क्षमतामा भन्दा बढी विदेशीहरूको स्वार्थ र रुचिले निर्देशित गर्ने अवस्थामा पुगेको छ । अर्थात् नेकपा (माओवादी) ले सशस्त्र सङ्घर्षको प्रारम्भमा दाबी गरे विपरीत नेपाली राजनीतिमा विस्तारवादी र साम्राज्यवादीहरूको दबदबा सघन भएको छ । विदेशीहरू पहिलेभन्दा प्रभावशाली हिसाबले सत्ताको खेलाडी बनेका छन् (हेर्नोस् यसै पुस्तकमा सीके लाल) । २०६४ भदौ २६ गते जनजातिहरूसँगको भेटघाटमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले "नेपालको सार्वभौमसत्ता र स्वतन्त्रतामाथि खतरा उत्पन्न भएको छ" भनेपछि यो वास्तविकता झन् छर्लङ्ग भएको छ । अन्य धेरै कारणको अलवा, यो नेकपा (माओवादी) को जनयुद्धको ठूलो असफलता हो – सशस्त्र सङ्घर्षले नागरिकलाई सशक्त बनाउने अभियानमा त ठूलो लगानी गर्‍यो तर राज्य र त्यससँग गाँसिएको निर्णायक प्रक्रियामा उनीहरूको भूमिकालाई भने कमजोर बनायो ।

यो पुस्तकमा समाविष्ट लेखहरू यिनै बहसहरूका सशक्त चित्रण हुन्, जहाँ सबै पक्षको विचार समेट्ने प्रयास गरिएको छ । चौतर्फी विचार समेट्ने क्रममा केही कमसल लेखहरू पनि सँगालोमा परेका छन् । कुनै लेख विषयवस्तुको हिसाबले र कतिपय लेख त्यसमा समाविष्ट वैचारिक दृष्टिकोणका कारण महत्त्वपूर्ण

छन् । त्यसैले कमजोर लेखन हुँदाहुँदै ती यस सँगालोमा समावेश गरिए । साथै सङ्घर्षको बेला शैक्षिक क्षेत्रले भोगेको समस्या; शिक्षकहरूको पीडा; बालबालिकाको दारुण चित्कार; महिलाको व्यथा; जीवन धान्न सर्वसाधारणले भोगेका कष्टहरू; सङ्कटकाल र आतङ्ककारी तथा विध्वंस नियन्त्रण अध्यादेश (टाडा) लागू गर्ने सर्तमा सेना परिचालनको लागि भएको सहमति; त्यसपछि राज्यले अँगालेको हिंसात्मक रूप; माओवादी सङ्घर्षमा हावी अमानवीयता; दण्डहीनताको अवस्था आदि अनगिन्ती विषयमा माओवादी विद्रोहलाई जोडेर समाचारहरू वा फुटकर लेखहरू धेरै लेखिए पनि प्रकाशनयोग्य सामग्री हाम्रो नजरमा परेनन् । यस पुस्तकमा बेग्लै लेखको रूपमा उल्लिखित सवालहरू समावेश नभए पनि थुप्रै लेखनीका सन्दर्भ र अन्तरवस्तु भने बनेका छन् । त्यसैले विषयवस्तुको हिसाबले पुस्तक अपूरो देखिनु हाम्रो अनुसन्धानको सीमा; नेपाली बौद्धिक क्षमता, त्यसको सुझबुझ, संवेदनशीलतामा रहेको सीमा हो भन्ने प्रमाण यो सँगालो आफैं हो ।

## स्रोत सन्दर्भ

आइसिजि । २०६२ । नेपालका माओवादीहरू : तिनका लक्ष्य, संरचना र रणनीति । *रूपान्तरण : समाज अध्ययन* २ : ९१-१५२ ।

केसी, सुरेन्द्र । २०६० । *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग २*। काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

प्रचण्ड । २०६३ । *नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को ऐतिहासिक दस्तावेजहरू*। काठमाडौं : प्रसवि प्रकाशन ।

प्रचण्ड । २०६३क । *प्रचण्डका छानिएका रचनाहरू : खण्ड १*। काठमाडौं : जनदिशा प्रकाशन ।

भट्टराई, अनिल । २०६१ । *वार्ताद्वारा राजनीतिक निकास : नेपाल, श्रीलङ्का र दक्षिण अफ्रिकाका अनुभवहरू*। काठमाडौं : नेपाल दक्षिण एसिया केन्द्र; शान्तिका लागि साझा अभियान; मार्टिन चौतारी, काठमाडौं र इन्टरनेसनल आइडिया, स्टकहोम ।

भट्टराई, बाबुराम । २०६३ । *राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र*। काठमाडौं : जनध्वनी प्रकाशन ।

भुसाल, घनश्याम । २०६२ । *आजको मार्क्सवाद र नेपाली क्रान्ति*। काठमाडौं : नेपाल अध्ययन केन्द्र ।

मिश्र, चैतन्य । २०६२ । माओवादी सङ्घर्ष : कारणहरूको निरूपण । *रूपान्तरण : समाज अध्ययन* १ : २९–८५ ।

सिंह, मोहनविक्रम। २०५८। *रिम र माओवादीहरूको कथित जनयुद्ध*। काठमाडौँ : दुर्गा पौडेल।

सुवेदी, अशोक, सं। २०६३। राजतन्त्र एक वर्षभित्रै समाप्त हुन्छ। काठमाडौँ : अशोक सुवेदी।

Bhattarai, Baburam. 2003. The Question of Building a New Type of State. *The Worker* (9). Accessed from http://cpnm.org//English/worker/9issue/article_baburam.html.

Bhattachan, Krishna. 2000. Possible Ethnic Revolution or Insurgency in a Predatory Unitary Hindu State, Nepal. In *Domestic Conflict and Crisis of Governability in Nepal.* Dhruba Kumar, ed., pp. 135-62. Kathmandu: Centre for Nepal and Asian Studies, Tribhuvan University.

Hutt, Michael, ed. 2004. *Himalayan 'People's War': Nepal's Maoist Rebellion.* London: Hurst and Company.

ICG. 2005. Nepal's Maoist: Their Aims, Structure and Strategy. Asia Report No. 104, 27 October. International Crisis Group (ICG).

Karki , Arjun and David Seddon. 2003. *The People's War in Nepal: Left Perspectives.* Delhi: Adroit.

Lawoti, Mahendra. 2003. Centralized Politics and the Growth of the Maoist Insurgency in Nepal. *Himalayan: The Journal of the Association for Nepal and Himalayan Studies* 23: 49-58

Lawoti, Mahendra, ed. 2007. *Contentious Politics and Democratization in Nepal*. Delhi: Sage Publications.

Mishra, Chaitanya. 2004. Locating the "Causes" of Maoist Struggle. *Studies in Nepali History and Society* 9(1): 3-56.

Onesto, Li. 2007. The Evolution of the Maoist Revolution in Nepal in an Adverse International Environment. In *Contentious Politics and Democration in Nepal*. Mahendra Lawoti, ed., pp. 120-142. Delhi: Sage Publications.

Shah, Saubhagya. 2004. A Himalayan Red Herring ? Maoist Revolution in the Shadow of the Legacy Raj. In *Himalayan 'People's War': Nepal's Maoist Rebellion.* Michael Hutt, ed., pp. 192-224. London: Hurst and Company.

Thapa, Deepak with Bandita Sijapati. 2003. *A Kingdom Under Seize*. Kathmandu: The Printhouse.